# आकाशवाणी

**मुख्य समाचारहरुबाट**

- **भारत-साइप्रस साझेदारी लोकतान्त्रिक मूल्य र कानूनको शासनमा आधारित : प्रधानमन्त्री मोदी**
- **भारतमा नयाँ जनगणना प्रक्रिया शुरु गर्न सरकारको गृह मन्त्रालयद्वारा अधिसूचना जारी**
- **भारत विपद् व्यवस्थापनको क्षेत्रमा विश्वको शिर्ष स्थानका लागि  अघि बढीरहेको: गृहमन्त्री अमित शाह**
- **उत्तर प्रदेशको पटाका कारखानामा विष्फोट : चार महिलाको मृत्यु, छह घाइते**

**भारत-साइप्रस साझेदारी लोकतान्त्रिक मूल्य र कानूनको शासनमा आधारित : प्रधानमन्त्री मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र साइप्रसबीचको साझेदारी साझा लोकतान्त्रिक मूल्य र कानूनको शासनमा मजबुत रूपमा आधारित रहेको बताउनु भएको छ। उहाले भन्नुभयो की , दुबै देशबीचको मित्रता समयको परीक्षामा सफल भएको छ र कुनै परिस्थितिबाट सीमित छैन। प्रधानमन्त्री मोदीले साइप्रसका राष्ट्रपतिसँग निकोसियामा प्रतिनिधिमण्डल स्तरको वार्ता पनि गर्नुभयो उहाले साइप्रसको 'दृष्टिकोण 2035 र भारतको 'विकसित भारत 2047' बीच धेरै समानता रहेको उल्लेख गर्नुभयो। दुवै देशले आगामी पाँच वर्षभित्र साझेदारीलाई नयाँ दिशा दिन कार्ययोजना तयार गर्ने सहमति जनाएका छन्। दुवै पक्ष चाँडै नै गतिशीलता सम्झौता सम्पन्न गर्ने र युरोपेली संघको आगामी अध्यक्षताका लागि साइप्रसलाई शुभकामना दिने प्रधानमन्त्री मोदीले बताउनुभयो। साथै, संयुक्त राष्ट्र सुरक्षा परिषदमा भारतको स्थायी सदस्यतामा साइप्रसको समर्थनको स्वागत गर्नुभयो। पश्चिम एशिया र युरोपका द्वन्द्वबारे चिन्ता व्यक्त गर्दै प्रधानमन्त्री मोदीले यसको प्रभाव विश्वव्यापी फैलिएको बताउनुभयो। उहाले संवाद, समाधान र स्थिरताको आह्वान पनि गर्नुभयो। भारत-मध्यपूर्व-युरोप आर्थिक मार्ग परियोजना (IMEC) क्षेत्रीय शान्ति र समृद्धिको लागि महत्वपूर्ण रहेको दुवै पक्षको सहमति रह्यो। प्रधानमन्त्री मोदीले सीमा पार आतंकवाद विरुद्ध भारतको संघर्षमा साइप्रसको समर्थनप्रति आभार व्यक्त गर्नुभयो। साथै, आतंकवाद, लागूपदार्थ र हतियार तस्करीजस्ता समस्यासँग लड्न दुबै देशबीच वास्तविक समय सूचना आदानप्रदान संयन्त्र स्थापना गर्ने घोषणा गर्नुभयो। यसअघि, साइप्रसका राष्ट्रपतिले प्रधानमन्त्री मोदीलाई साइप्रसको सर्वोच्च नागरिक सम्मान 'ग्राण्ड क्रस अफ द अर्डर अफ मकारियोस थ्री' बाट सम्मानित गर्नुभयो। प्रधानमन्त्री मोदीले यो सम्मान भारतका 1 अर्ब 40 करोड जनताको लागि गर्वको विषय भएको बताउनुभयो। भ्रमणको दोस्रो दिन उहालाई राष्ट्रपति भवनमा औपचारिक स्वागत पनि गरिएको थियो।

**भारतमा नयाँ जनगणना प्रक्रिया शुरु गर्न सरकारको गृह मन्त्रालयद्वारा अधिसूचना जारी**

सरकारले आज जनगणना सञ्चालनका लागि अधिसूचना जारी गरेको छ। गृह मन्त्रालयद्वारा जारी अधिसूचना अनुसार जनगणनाको सन्दर्भ मिति 1 मार्च 2027 रहनेछ। यद्यपि, केन्द्रशासित प्रदेश लद्दाख, जम्मु-कश्मीरका हिमाली क्षेत्रहरू, हिमाचल प्रदेश र उत्तराखण्डमा भने  जनगणना  1,अक्टोबर 2026 देखि सुरु हुनेछ।

यो भारतको 16औँ राष्ट्रिय जनगणना हुनेछ भने स्वतन्त्रता प्राप्तिपछि सम्पन्न हुन लागेको यो आठौँ जनगणना हुनेछ।

**रक्षा साइबर एजेन्सीले राष्ट्रिय स्तरमा साइबर सुरक्षा अभ्यास सुरु गर्‍यो**

रक्षा साइबर एजेन्सीले आज राष्ट्रिय स्तरमा साइबर सुरक्षालाई थप मजबुत बनाउन एक विशेष साइबर सुरक्षा अभ्यासको सुरु गरेको छ। यस कार्यक्रममा राष्ट्रियस्तरीय निकायहरू र रक्षा क्षेत्रमा आबद्ध सयभन्दा बढी सरोकारवालाहरू सहभागी भएका छन्। अभ्यास अन्तर्गत वास्तविक साइबर खतराहरूको अनुकरण गरिंदैछ जसले सुरक्षित प्रक्रियाहरूलाई सुदृढ गर्ने, सहभागीहरूको विश्लेषणात्मक क्षमता तथा साइबर सुरक्षामा तिव्र प्रतिक्रिया दिने सीपहरूलाई परिक्षण गर्ने अवसर प्रदान गर्नेछ। सहभागीहरूले तीव्र गतिमा सञ्चालन हुने गेमिफाइड वातावरणमा आफ्नो सुरक्षा क्षमता परीक्षण गर्नेछन्। यो अभ्यास यस महिनाको 27 तारिख सम्म चल्नेछ। रक्षा साइबर एजेन्सीले भविष्यमा यस्ता अभ्यासहरू नियमित रुपमा सञ्चालन गर्दै सबै तहमा सुरक्षा-प्रथम संस्कृतिलाई प्रवर्द्धन गर्ने योजना बनाएको छ, जसले आपतकालीन अवस्थामा समेत तयारी रहन सकियोस्।

**भारत विपद् व्यवस्थापनको क्षेत्रमा विश्वको शिर्ष स्थानका लागि  अघि बढीरहेको: गृहमन्त्री अमित शाह**

गृहमन्त्री अमित शाहले भारत विपद् व्यवस्थापनको क्षेत्रमा विश्वको शिर्ष स्थानका लागि  अघि बढीरहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा आयोजित राज्य र संघीय क्षेत्रका राहत आयुक्त तथा विपद् व्यवस्थापन बलहरूको वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै उहाले भारतले पूर्व चेतावनी प्रणालीको विकासमा महत्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभयो। श्री शाहका अनुसार सटीक पूर्वानुमान र समयमै दिइएको चेतावनीका कारण राहत तथा उद्धार कार्यहरू सफलतापूर्वक सम्पन्न भएका छन्। उहाले  भन्नुभयो कि भारतमा आपदा व्यवस्थापनको इतिहासमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा बितेको दशक परिवर्तनकारी दशकको रुपमा रहनेछ।गृहमन्त्री शाहले विगत 10 वर्षमा भारत सरकारले विपद् व्यवस्थापनमा क्षमता निर्माण, कार्यगत गति, दक्षता र सटीकतामा महत्वपूर्ण प्रगति गरेको उल्लेख गर्नुभयो। साथै उहाले सरकारको 'शून्य हताहत' लक्ष्यले संसारलाई चकित बनाएको बताउनुभयो।
श्री शाहले सबै राज्यका राहत आयुक्तहरूलाई आगामी 90 दिनभित्र आफ्ना जिल्लाहरूको लागि विपद् व्यवस्थापन योजना तयार गर्न निर्देशन पनि दिनुभएको छ। byteee..

**21 जुनमा 11औं अन्तर्राष्ट्रिय योग दिवस मनाउन भारत तयारीमा**

21 जुनमा मनाउन लागेको 11औं अन्तर्राष्ट्रिय योग दिवसका लागि देश व्यापक तयारीमा जुटिरहेको छ। यस वर्षको मुख्य कार्यक्रमको आयोजना विशाखापत्तनममा गरिँदैछ। यसै सन्दर्भमा आयुष मन्त्रालय र आन्ध्र प्रदेश सरकारका वरिष्ठ अधिकारीहरूले उच्च स्तरीय समीक्षा गर्दै क्षेत्रीय स्थलगत निरीक्षण गरेका छन्। समीक्षाका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीको योगसम्बन्धी दृष्टिकोणलाई जनआन्दोलनमा रूपान्तरण गर्ने र ठूलो जनसहभागिता सुनिश्चित गर्ने विषयमा विशेष जोड दिइएको छ। राज्यभर एक लाख स्थानमा अन्तर्राष्ट्रिय योग दिवस मनाइनेछ भने विशाखापत्तनममै पाँच लाखभन्दा बढी जनसहभागी हुने अपेक्षा गरिएको छ। आयुष मन्त्रालयले आन्ध्र प्रदेश सरकारको व्यावहारिक दृष्टिकोणको प्रशंसा गर्दै राज्यको प्रयासले अन्तर्राष्ट्रिय योग दिवस 2025 को मूल भावना "एक पृथ्वी, एक स्वास्थ्यका लागि योग" लाई सशक्त बनाउने उल्लेख गरेको छ।

**अहमदाबाद विमान दुर्घटनाको छानबिन गर्न गठित उच्च स्तरीय समितिको पहिलो बैठक सम्पन्न**

अहमदाबाद विमान दुर्घटनाको छानबिनका लागि सरकारद्वारा गठन गरिएको उच्च स्तरीय समितिको पहिलो बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको अध्यक्षता केन्द्रीय गृह सचिव गोविन्द मोहनले गर्नुभयो। बैठकमा नागर विमानन मन्त्रालयका सचिव, गृह मन्त्रालयका वरिष्ठ अधिकारीहरू, गुजरातको गृह विभाग तथा राज्य विपद् व्यवस्थापन प्राधिकरणका अधिकारीहरू, अहमदाबादका पुलिस आयुक्त, भारतीय वायु सेनाका निरीक्षक तथा सुरक्षा महानिर्देशक र नागर विमानन सुरक्षा ब्यूरोका महानिर्देशक सहभागी भए। समितिले आगामी तीन महिनाभित्र आफ्नो प्रतिवेदन पेश गर्नेछ। प्रतिवेदनमा भविष्यमा यस्ता दुर्घटना रोक्नका लागि मानक संचालन प्रक्रिया (SOP) तयार गर्ने अपेक्षा गरिएको छ। यसबाहेक, विमान दुर्घटना अनुसन्धान ब्यूरो (AAIB) ले यो घटनाको अलग रूपमा अनुसन्धान गरिरहेको छ।

**उत्तर प्रदेशको पटाका कारखानामा विष्फोट : चार महिलाको मृत्यु, छह घाइते**

उत्तर प्रदेशको एक पटेका कारखानामा भएको विष्फोटमा चार महिलाको मृत्यु भएको छ भने छह जनाभन्दा बढी घाइते भएका छन्।स्थानीय पुलिसले घाइते महिलाहरूलाई उपचारका लागि नजिकैको अस्पताल पुऱ्याएको छ। घटनाका कारणहरूको अनुसन्धानका लागि एक विशेष छानबिन समिति गठन गरिएको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **भारत-साइप्रस साझेदारी लोकतान्त्रिक मूल्य र कानूनको शासनमा आधारित : प्रधानमन्त्री मोदी**
- **भारतमा नयाँ जनगणना प्रक्रिया शुरु गर्न सरकारको गृह मन्त्रालयद्वारा अधिसूचना जारी**
- **भारत विपद् व्यवस्थापनको क्षेत्रमा विश्वको शिर्ष स्थानका लागि  अघि बढीरहेको: गृहमन्त्री अमित शाह**
- **उत्तर प्रदेशको पटाका कारखानामा विष्फोट : चार महिलाको मृत्यु, छह घाइते**